म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २७४ शनिबार ३१ बैशाख २०७९ ने. सं. ११४२ बछलाथ्व 14 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

सवारी दुर्घटनाबाट बचौं र बचाऔं
मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले
मादक पदार्थ सेवन गरेमा वा गरेको शंका
लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचलाऔं,
समय समयमा सवारीसाधनको मर्मत
सम्भार गर्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## मकवानपुरमा करिब ७१ प्रतिशत मत खस्यो, रातीबाटै मतगणना

साझाकुरा संवाददाता

हेटौंडा, ३० बैशाख/ मकवानपुरको १० वटै स्थानीय तहमा शान्तिपूर्ण तरिकाबाट स्थानीय तह निर्वाचनको मतदान सकिएको छ । मकवानपुरको १० वटै स्थानीत तहमा गरेर करिब ७१ प्रतिशत मत खसेको प्रारम्भिक अनुमान छ ।

शुक्रबार बिहान ७ बजेदेख सुरु मतदान अपरान्ह ५ बजेसम्म जारी थियो । हेटौंडाका केही वडामा भने दिउसो बर्षातका कारण रोकिएको मतदान साँझसम्म सकिएको थियो । प्रदेश निर्वाचन कार्यालय र जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले ७१ प्रतिशत मत खसेको जानकारी दिएको हो । मकवानपुरका स्थानीय तहहरुमा ६० देखि ७५ प्रतिशतसम्म मत खसेको छ । औसतमा ७१ प्रतिशत मत खसेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख लुम्बनाथ पोखेलले जानकारी दिए । उनका अनुसार सबै पालिकाबाट तथ्यांक नआइसकेका कारण यकिन तथ्यांक आउन बाँकी छ ।

दुई लाख ९४ हजार ९१९ मतदाता रहेका मकवानपुरको १० पालिकामा १ सय ६५ मतदान स्थल र ३ सय ५६ मतदान केन्द्रबाट मतदान भएको थियो । मकवानपुरको थाहा नगरपालिकामा ७० दशमलव ६४ प्रतिशत, मकवानपुर गढीमा ७० प्रतिशत, इन्द्रसरोबरमा ६८ प्रतिशत भन्दा बढी, बकैयामा ७५ प्रतिशत मत खसेको जनाइएको छ । समाचार तयार पर्दासम्म अन्य पालिकामा खसेको मतको तथ्यांक उपलब्ध हुन सकेन् ।

सबैभन्दा बढी मतदाता हेटौंडा उपमहानगरपालिकामा मात्र १ लाख ४ हजार ४ सय ५० जना छन् । थाहामा ३२ हजार ३ सय ७, बकैया गाउँपालिकामा २९ हजार ९ सय ४३ जना, बागमतीमा २२ हजार ४०, भीमफेदीमा १७ हजार ४ सय २८, मकवानपुरगढीमा १९ हजार १ सय १८, मनहरीमा २७ हजार ७ सय २१, राक्सिराङमा १५ हजार ८ सय ३२, इन्द्रसरोवरमा १२ हजार ४ सय ७१ र कैलाशमा १४ हजार ५ सय ४७ मतदाता छन् ।

### १९ सय बढी उम्मेदवारमा प्रतिस्पर्धा

मकवानपुरको १० वटै पालिकामा मतदाताले आगामी पाँच वर्षका लागि जनप्रतिनिधका रुपमा उम्मेदवारलाई चुनिसकेका छन् । मतपेटिकामा मत खसेपनि अन्तिम नतिजा आउन भने केही दिन लाग्नेछ ।

जिल्लामा एक उपमहानगर पालिका, एक नगरपालिका र आठ गाउँपालिका रहेको छ । जम्मा ५ सय ३० पदका लागि विभिन्न दलका र स्वतन्त्र गरेर १ हजार ९ सय ३१ जना उम्मेदवार भएका थिए । मकवानपुरको १० पालिकाका १ हजार ९ सय भन्दा बढी उम्मेदवार चुनावी मैदानमा थिए । हेटौंडा र थाहा नगरपालिका गरी मेयरमा २४ जना, ८ वटा गाउँपालिकाको अध्यक्षमा ५० जना, दुई नगरको उपमेयरमा १२ जना, ८ गाउँपालिकाको उपाध्यक्षमा ३२ जना, १ सय २ वटा वडामा वडा अध्यक्षमा ४ सय ३५ जना, खुल्ला वडा सदस्यमा ७ सय २८ जना, महिला वडा सदस्यमा ३ सय ५० जना, दलित महिला वडा सदस्यमा ३ सय जना उम्मेदवार रहेको निर्वाचन आयोगले जनाएको छ ।

हेटौंडा उपमहानगर पालिकामा ९७ पदका लागि ३ सय ८७ जनाको उम्मेदवारी परेको




थियो । थाहा नगरपालिकामा २ सय ४०, बकैयामा २ सय ३४, मनहरीमा २ सय २१, बागमतीमा १ सय ६७, राक्सिराङमा १ सय ५१, भिमफेदी गाउँपालिकामा १ सय ३५, कैलाशमा १ सय ७३ र मकवानपुरगढीमा १ सय ३४ जना उम्मेदवार भएका थिए । इन्द्रसरोबर गाउँपालिकामा २७ पदका लागि ८९ जनाको उम्मेदवारी परेको छ । जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा बढी हेटौंडा र कम इन्द्रसरोबरमा उम्मेदवार प्रतिस्पर्धामा रहेको छन् ।

मकवानपुरमामा २०७४ को तुलनामा यसपटक उम्मेदवारको संख्या घटेको छ । निर्वाचन आयोगका अनुसार मकवानपुरको १० पालिकामा २ हजार २ सय ६ उम्मेदवारप्रतिस्पर्धामा थिए । वैशाख ११ र १२ गते २ हजार ६७ जनाले मनोनयन दर्ता गराएकोमा १ सय ३६ जनाले उम्मेदवारी फिर्ता लिएका थिए । मकवानपुरमा ६ जना दलित महिला वडासदस्य निर्विरोध निर्वाचित भएका छन् । जिल्लामा गत निर्वाचनमा भन्दा यसपटक महिला उम्मेदवारहरुको संख्या घटेको छ । गत निर्वाचनमा ८ सय ५९ महिला उम्मेदवार बनेकोमा यस निर्वाचनमा विभिन्न पदमा ७ सय २१ महिला उम्मेदवार भए । यसपाली महिला उम्मेवादरको संख्या १ सय ३८ ले घटेको हो ।

अन्य पदमा बाहेक प्रमुख पदमा भने महिला उम्मेदवारको संख्या बढ्यो । प्रमुख पदमा महिला उम्मेदवारी तीन जनाले बढेको हो । उपप्रमुखमा १७ ले घटेको छ । गठबन्धनका कारणपनि उपाध्यक्षमा पुरुष उम्मेदवार भएपछि तुलनात्मक रुपमा उपप्रमुखमा महिला उम्मेदवार घटेको हो ।

### मतगणना रातीबाटै सुरु

मकवानपुरमा मतगणना कार्य शुक्रबार रातीबाटै सुरु भएको छ । शुक्रबार बिहानदेखि मतदान सुरु भएर साँझ ५ बजे सम्पन्न भएसँगै रातीदेखि मतगणना कार्य सुरु भएको हो ।

केही पालिकामा मध्य रातदेखि मतगणना सुरु गरिएको छ । सर्वदलीय बैठक पश्चात मतगणना कार्य सुरु गरिएको हो । स्थानीय तह निर्वाचनमा मतदान सकिएसँगै मतदान सुरु गर्न यसअघि नै मतगणना स्थल तयार पारिएको थियो । मकवानपुरका १० वटै स्थानीय तहको मतगणना गर्न विगतको निर्वाचन भन्दा मतगणना स्थललाई थप सुरक्षित बनाइएको छ । मतगणना स्थाललाई तारजालीले चारै तिर घेरिएको छ । मतगणना स्थलमा सिसिटिभी क्यामेरापनि जडान गरिएको छ ।

मतगणना गर्दा असुरक्षाको घटना बढेपछि मतगणना स्थललाई तारजाली र सीसीक्यामेरा जडान गरेर सुरक्षित बनाइएको हो । समाचार तयार पार्दासम्म प्राप्त जानकारी अनुसार हेटौंडा उपमहानगर, मकवानपुरगढी, मनहरी, इन्द्रसरोबरलगायतका पाकिलामा रातीबाटै मतगणना सुरु गरिने भएको छ । हेटौंडाको २ नम्बर वडामा रहेको सिदार्थ माविमा मतगणना गरिएको मकवानपुरका मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले जानकारी दिए । हेटौंडाको मेयरमा १८ जनाबीच प्रतिस्पर्धा भएको थियो । जसमध्ये एमालेका मेयर पदका उम्मेदवार अनन्त पौडेल, गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)की मिना कुमारी लामा र राप्रपाबाट दिपक सिंहको प्रमुख प्रतिस्पर्धी हुन् । उपमेयरमा ९ जनाले उम्मेदवारी दिएका थिए । जसमा एमालेकी उपमेयर पदकी उम्मेदवार सुमित्रा काफ्ले, गठबन्धनबाट नेपाली कांग्रेसका राजेश बानियाँको मुख्य प्रतिस्पर्धा हुने देखिन्छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरुः
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

ADMISSIONS OPEN FOR 2079
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution...
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+ Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+ Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+ Seats
Scholarship Test 4 Jestha 2079
APPLY NOW
Admission forms are also available online
www.admission.hetaudaacademy.edu.np
HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS



GRAND OPENING
Offer
रु.१०,०००।- नगद छुट
YADEA e-SCOOTER का विशेषताहरुः
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुदने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्युबलेस टायर ☞ब्याट्रिमा एक वर्ष वारेन्टी
बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# निर्वाचन ऐतिहासिक रुपमा सम्पन्न

केही छिटपुट घटनाका बावजूद शुक्रबार स्थानीय तहको निर्वाचन ऐतिहासिक रुपमा सम्पन्न भएको छ। आफ्नो भविष्य र विकास तथा समृद्धिका सपना पूरा गर्ने हुनाले आफ्ना प्रतिनिधि छान्न मतदाताहरु उत्साहपूर्ण रुपमा मतदानमा सहभागी भए।

तर यसपटकको निर्वाचनमा आँकलन गरिएअनुसार मतदाताहरुको सहभागिता भने केही न्युन रह्यो। निर्वाचन आयोगले प्रारम्भिक रुपमा ६४ प्रतिशत मत खसेको आँकलन गरेको छ। यद्यपि यो संख्यामा अझै वृद्धि हुने अनुमान छ। यस्तै, काठमाडौंमा पनि अपेक्षाअनुसार मतदान नभएको निर्वाचन आयोगको भनाइ छ। प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले शान्तिपूर्ण अवस्था, मतदान केन्द्रमा पहुँच र सबै सुविधा हुँदाहुँदै पनि ५२ प्रतिशत हाराहारीमा मात्र मतदान भएको बताएका छन्। काठमाडौंमा किन कम मतदाता सहभागी भएभन्नेबारे विश्लेषण हुने नै छ।

यस्तै, केही स्थानमा मतदान कार्यमा अवरोध सिर्जना गर्ने प्रयास भए। हिंसात्मक कार्य र अवरोधका कारण १७ स्थानीय तहका ४४ मतदान केन्द्रमा मतदान स्थगित भएको आयोगको भनाइ छ। मतदानका क्रममा भएका घटनालाई लिएर मानव अधिकार आयोगले पनि निर्वाचन शान्तिपूर्ण रुपमा हुन नसकेको निष्कर्ष निकालेको छ। यस्ता घटनामा सुरक्षा प्रशासनको चुक भएकै मानिन्छ। यद्यपि विगतमा तीन चरणमा भएका निर्वाचन यसपटक एकै पटक भएका कारण पनि सुरक्षा व्यवस्थापनमा समस्या आएको भन्न सकिन्छ। जे जस्तो भए पनि निर्वाचन सम्पन्न भएको छ। यसलाई सरकारको सफलताको रुपमा मापन गर्न सकिन्छ। कस्ता प्रतिनिधि निर्वाचित हुनेछन् र जनताका सपना विपनामा परिणत होलान्, नहोलान् भन्ने कुरालाई चाहिँ मतपरिणाम नै कुर्नुपर्ने देखिन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ १ गते आइतबार १५ अप्रिल २०२२ । पृष संक्रान्ति/कुर्म जयन्ती/पूर्णमा ब्रत/अन्तर्राष्ट्रिय परिवार दिवस ।


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : समुन्नती | तुला | : धर्म बढ्ने |
| वृष | : आर्थिक हानी | वृश्चिक | : अपव्यय |
| मिथुन | : धन आगमन | धनु | : डर चिन्ता |
| कर्कट | : मित्र भेट | मकर | : काम बन्ने |
| सिंह | : अस्वस्थता | कुम्भ | : कर्म प्राप्ति |
| कन्या | : सोचेको पुग्ने | मीन | : पराक्रम बढ्ने |

# महिला उत्पीडन र संगठित प्रतिरोधको प्रश्न



✍अनिता पण्डित



हालै सामाजिक सञ्जालमा मैले मिथिला चित्रकलाको झल्को दिने एउटा डिजिटल पोस्टर देखें, जसमा हिन्दीमा लेखिएको थियो– 'काम से लौटकर स्त्री काम पर लौटती है ।' त्यो डिजिटल पोस्टर र त्यसमा लेखिएको पंक्तिले आजका महिलाको स्थितिको सटीक चित्रण गरेको छ ।

आज महिलाहरू श्रमको क्षेत्रमा दोहोरो-तेहरो शोषण र सामाजिक हिसाबले अनेक तहगत उत्पीडनको सिकार भएका छन् । यही शोषण र उत्पीडनको भुमरीमा फसेर रुमलिरहेका, त्यसबाट उम्कन हातपाउ चलाउन थालेका, जागरुक हुन कोसिस गरिरहेका महिलाहरूले बढीभन्दा बढी र नयाँभन्दा नयाँ सृजनशील उपायहरूमार्फत स्थापित गर्नुपर्ने कुरा हो– पुँजीवादी समाजमा महिलामाथि भइरहेको दोहोरो दलनको यथार्थ !

मानव इतिहासमा अतिरिक्त उत्पादन सम्भव भएसँगै सुरु भएको निजी सम्पत्ति राख्ने चलनदेखि महिलाको उत्पीडनले जग हालेको हो । इतिहास आफ्ना स्वरूपहरू बदल्दै आजको भूमण्डलीय पुँजीवादसम्म आइपुगेको छ । यति लामो कालखण्डमा महिला उत्पीडनका स्वरूपहरूमा केही भिन्नता आए पनि एकातिर उत्पीडनलाई राज्यतहबाट सशक्त रूपमा सजिलै भेद नखुल्ने गरी संस्थागत गर्ने तर अर्कातर्फ यसविरुद्ध लड्न तयार हुनेहरू उत्पीडनका वास्तविक कारणहरूमा ठोस रूपमा प्रवेश गर्नुभन्दा सतही व्याख्या र पौंठेजोरीमा भुल्ने गरिरहेका छन् । यही कारण आन्दोलन छैन र उत्पीडनविरुद्धका प्रयासहरू पनि दिशाहीन र विभाजित छन् ।

पुँजीवादी उत्पादन प्रक्रियामा महिलाको श्रम शोषण दुई प्रकारले हुन्छ । पहिलो, पुँजीवादले महिलालाई नाफा र सस्तो श्रमका लागि बजार मा ल्यायो । यो कदम महिला स्वतन्त्रताको दिशामा गुणात्मक काम भए पनि यसको मुख्य ध्येय महिला स्वतन्त्रताको सवाल नभएर पुँजीपतिका लागि सस्तो श्रम र अधिक नाफाको विषय थियो । भूमण्डलीय पुँजी बजारमा ठूला कारखानाको एसेम्ब्ली लाइनमा काम गर्ने र अविकसित भनिने अनेकौं देशका कुनाकुनासम्म फैलिएको असंगठित-अनौपचारिक क्षेत्रमा काम गरिरहेका तमाम गरिब महिलालाई पनि प्रत्यक्ष शोषण गरेर पुँजीपतिहरूले नाफा कुम्ल्याइरहेका छन् ।

मजदुर पुरुषकी श्रीमतीका रूपमा घर मा बसेर घरकै मात्र काम गर्ने महिलाहरूमाथि पनि यो पुँजीवादी व्यवस्थाले पुनरुत्पादन प्रक्रियामार्फत उत्पीडन जारी राखेको छ, एकल परिवारलाई जीवित र सक्रिय राख्दै त्यसमा उत्पीडनको आयामलाई कार्यान्वयन गरिरहने वातावरण तयार गरेको छ । अब ती महिलाहरूको श्रम शोषण कसरी हुन्छ भनेर हेरौं । मजदुर पुरुषको घरमा रहेकी महिलाले खाना बनाउने, बच्चा जन्माउने र तिनको लालनपालन गर्ने, सरसफाइ गर्ने, प्रत्येक साँझ कामबाट फर्केको मजदुर श्रीमान्लाई भोलिपल्ट पुन: काममा फर्कनलायक बनाउने, पुनरुत्पादनको प्रक्रियामा संलग्न रहेर मजदुरको अर्को पुस्ता जन्माउने र पुँजीपतिको कामका लागि तयार गर्ने गर्छिन् । घरका तमाम काम सित्तैंमा गरिदिन्छिन् । यो सवालमा मार्क्स र एंगेल्सले महिलाको प्राकृतिक रूपमा पुनरुत्पादनको कामले कसरी पुँजीवादी शोषण र उत्पीडनका आयामलाई धानिरहेको छ भन्ने व्याख्या गरेका छन् । पुँजीवादी माल उत्पादनका क्षेत्रमा मूल्य तब मात्र पैदा हुन्छ, जब सामाजिक रूपमा आवश्यक श्रमशक्ति त्यहाँ लाग्छ । श्रमिकले श्रमशक्ति बेचेमार्फत ज्याला पाउँछ । त्यो ज्याला मुख्यत: श्रमिकलाई खानपिन, लत्ताकपडा, बसोबास, शिक्षा, स्वास्थ्य, मनोरञ्जनका लागि चाहिने खर्च लगभग थेग्ने गरी र एक श्रमिक जेनतेन जीवन धान्दै पुनरुत्पादनको प्रक्रियामार्फत बच्चा जन्माउन योग्य हुने गरी तय हुन्छ । हाम्रोजस्तो समाजमा अझै मजदुर वर्गको 'बार्गेनिङ पावर' नभएकाले ज्याला सहज रूपमा जीवन धान्ने खालको पनि ज्याला हुँदैन । यसैमा एकल परिवारमा महिलाको भूमिकाको कुरा आउँछ । महिलाले मजदुर श्रीमान्सँग बसेर घरका दैनिक कामहरू बिनाज्याला गरिदिन्छिन् । त्यसो गर्दा पुँजीपतिले श्रमिकमा गर्ने लगानीलाई कम गरे पनि मजुदरको अर्को पुस्ताको पुनरुत्पादनमा रोकावट हुँदैन । पुँजीपतिहरूले जतिसक्दो कम ज्यालामा मजदुर बाट काम लिन सक्ने वातावरण तयार हुन्छ । पुँजीपतिलाई अधिक नाफा लिने छुट हुन्छ ।

यसका लागि दोषी को हो ? के अब घरमा काम गर्ने महिलालाई पुरुष मजदुर या राज्यले ज्याला दिने भन्ने निष्कर्षमा जाने हो त ? पक्कै पनि होइन, पुरुष मजदुरमा महिलालाई ज्याला दिने सामर्थ्य नै हुँदैन । राज्यले दिने हो भने पनि आम जनताबाट लिएकै अप्रत्यक्ष कर बाट दिने हो । त्यसो गर्दा त्यसको भार स्वयं गरिब मजदुर, किसानमै पर्न आउँछ । त्यसो भए ज्याला दिनुपर्ने कसले हो ? मजदुरले काम गरेबापत परिवारसमेतको जिम्मेवारीलाई हेर्दै पुँजीपतिले ज्याला निर्धारण गर्नुपर्ने हो । तर पुँजीपतिकै रक्षा र प्रवर्द्धन कमिटीको यही व्यवस्थाले पुँजीपतिको नाफा अलिकति पनि कम हुन दिँदैन बरु राज्य संरचनामार्फत नै यस्ता एकल परिवारलाई बचाउने र उत्पीडनमा सहयोगी भूमिका निर्वाह गर्छ ।

पुँजीवादनिर्मित संरचनाले महिलाको वस्तुकरण बढाएको छ । पोर्न बेच्ने, महिला शरीरलाई विज्ञापन, ब्युटी क्विन कन्टेस्ट र शो पिसका रूपमा खडा गरेर जेजसरी भए पनि पैसा कमाउने साधनका रूपमा पेस गर्ने गरेको छ । यसले भद्दा गीत, संगीत, फिल्म र साहित्यमार्फत महिलालाई केवल बेचिने वस्तु, सुन्दर मालका रूपमा प्रस्तुत गरेर उत्पीडनलाई नै अझ प्रभावकारी बनाउने काम गरिरहेको छ । तर महिलाको वस्तुकरण गरिएकामा, स्त्रीद्वेषी चेतना फैलाएकामा यो राज्यव्यवस्थाले परबाह गर्दैन । उसको एक मात्र सरोकार बेच्नु र नाफा कमाउनुसँग छ । बेलामौकामा सुधार र परिवर्तनको केही प्रयास र पुँजीवादी जनवादी अधिकार र महिला अधिकारको ढोङ गर्दै उत्पीडनका वास्तविक कारणहरूलाई पर्दाले छोपेर बाँचिरहेको पुँजीवादलाई ढाल्ने विचारधारा, नीति, कार्यक्रम र संघर्ष नै पुँजीवादी पितृसत्ताविरुद्धको लडाइँ जित्ने विकल्प हो ।

### कसले लड्छ ?

समस्याको पहिचानसँगै भेटिने हो समाधानको बाटो । महिला उत्पीडनको सवालमा को लडिरहेको छरु? लडाइँ कस्तो छ ? कसले, कसरी लड्दा लडाइँ जितिन्छ ? यी प्रश्नहरूमा सदियौंअघि प्रवेश गरिएको भए पनि अझै अस्पष्टता, अव्यावहारिकता र असफलताको चाङ हामीले उत्तिकै देखिरहेका छौं । महिलाहरूले उत्पीडन उत्तिकै भोगिरहेका छन् । यसो किन भैरहेको छ ? लड्ने सवालमा यतिका समय, ऊर्जा र सचेत प्रयत्नहरू हुँदै गर्दा पनि समाज मुख्य शत्रुलाई प्रहार गर्न किन संगठित छैन ?

यी प्रश्नहरूमा आज पुन: प्रवेश गरिर हँदा हामीले अहिलेसम्म विकसित दार्शनिकीहरू र तिनले मानव समुदायको भौतिकी र चेतनाका क्षेत्रमा गरेको परिवर्तन र पारेको प्रभावबारे अध्ययन गर्नु जरुरी छ । पुँजीवादी वैश्विक व्यवस्थाले पितृसत्तालाई मज्जाले आफूमा समाहित गरिसकेको छ । अनि यो पितृसत्तात्मक व्यवस्थालाई संरक्षण र मलजल गर्ने वर्तमान समयको सबैभन्दा वर्चस्वशाली विश्वदृष्टिकोण आदर्शवाद (मेटाफिजिक्स) हो । मेटाफिजिक्सका अनेकौं धाराको वैचारिकीले यो समयमा प्रविधि र सञ्चारका साधनको विकासका कारण विगतमा भन्दा वर्चस्वशाली रूपमा आम मानिसलाई प्रभावित पार्न सफल भएको छ । सोभियतकालीन र चिनियाँ समाजवादीहरूले सत्ता स्थापना गरेसँगै पलाएको आशा समाजवादी सत्ताको प्रयोग र पतनपछि निराशामा परिणत भयो । त्यसपछि विकास भएका वैचारिकीहरूमा मुख्यत: पहिचानको राजनीति र उत्तरआधुनिकतावादले आन्दोलनको सामूहिकतामा लड्ने र जित्ने रूपमा लड्नेभन्दा पनि व्यक्ति/समुदायकेन्द्रित टुक्राहरूमा विभाजित गर्ने चेतनाको विकास गरेर उत्पीडनको सही कडी समातेर आन्दोलित हुन दिइरहेको छैन । बरु नयाँ पुस्ताको जानीबुझी अराजनीतीकरण गरिँदै छ ।

सामाजिक सञ्जालको दुनियाँमा असी हजार महिला रहेको ग्रुपमै मुख्यत: सतही कुरा, टाइम पास गर्ने जोडीका फोटाहरू, कन्फेसन, मेकअपका सामान सम्बन्धी सुझावलाई पहिलो प्राथमिकतामा ग्रहण गरिने र यदाकदा सामान्य राजनीतिक रुझानको सामग्री राख्नासाथ ब्लक गर्नेजस्ता हैरानीपूर्ण कामहरू हुने गरेका छन् । छिनभरको उभार र प्रचारपछि थन्किने अनि मुद्दालाई छाडिदिने प्रवृत्ति पनि छ । क्रान्तिकारी, रूपान्तरणकारी देखिनेहरूमा पनि व्यावहारिक र सांगठनिक जीवनलाई अंगीकार नगर्ने प्रवृत्ति बढिरहेको छ । यस्ता प्रवृत्तिहरू उत्पीडन विरुद्धको संघर्ष कमजोर पार्ने कडी हुन् ।

तत्काल भइरहेका विभेद, हिंसा र उत्पीडनका अनेकौं आयामको सर्जरी आजैदेखि थालिनु जरुरी छ । तर सर्जरी गर्नेहरूको कमीकै कारण निर्मला पन्त हत्याको दोषी भेटिएन । अछाम अदालतमा होस्टाइल हुन बाध्य किशोरी नै बिनाकुनै कानुनी आधार जेलमा थुनिनुपर्ने आदेश आयो । हिंसामा संलग्न र हिंसाका आरोपी व्यक्तिहरूले नै यही कथित प्रजातान्त्रिक व्यवस्थामा चुनिने प्रक्रियामा जाने सुविधा पाइरहेका छन् । संविधानमा तोकिएको समावेशी-समानुपातिक हक-अधिकारलाई दलहरूले गठबन्धन र अनेक बहानामा खुल्लमखुल्ला खारेज गरिरहेका छन् । नागरिकताको सवालमा आज पनि महिलालाई दोस्रो दर्जाको मान्यता छ । पैतृक सम्पत्तिको अधिकार व्यवहारमा अहिलेसम्म लागू हुन सकेको छैन । निजी र अनौपचारिक क्षेत्रमा कार्यरत महिला-पुरुषबीच ज्यालामा असमानताबारे कसैको ध्यान गएको छैन । हिंसा र बलात्कारका घटनामा मिलेमतो गर्न प्रेरित गर्ने माहोल बनिरहेको छ ।

परिस्थिति यस्तो छ, तर यसविरुद्ध संगठित प्रतिरोध वा आन्दोलन छैन । भएका थोरै प्रयत्नहरू पनि टुक्राटुक्रामा विभाजित छन् । यो बाँडिएको र भाँडिएको आन्दोलनलाई एउटै मालामा गाँस्ने प्रयत्नहरूको खाँचो भएको सत्यलाई ग्रहण गर्दै पुन: नयाँ ऊर्जासाथ अघि बढ्न जरुरी छ । वर्गीय रूपमा शोषित र उत्पीडित तल्लो वर्गलाई जोड्दै बहुसंख्यकको एजेन्डासहित वर्गसंघर्षलाई केन्द्रमा राखेर गरिने संघर्षले नै विजयसम्म डोऱ्याउँछ ।

पुरुष, परिवार, पितृसत्ता, महिलाको जैविक प्रजनन क्षमताजस्ता केन्द्रमा मात्रै प्रहार गरेर लडाइँ जितिँदैन । शोषण र उत्पीडनको संरचना तयार गर्ने पुँजीवादी व्यवस्था नै हाम्रो मुख्य शत्रु हो । यसलाई ढाल्न नयाँ जागरण सहित सम्पूर्ण गरिखाने वर्ग, उत्पीडित समुदायहरू, महिला, दलित, जनजाति, लैंगिक अल्पसंख्यकले नै सबैभन्दा अगाडि आउनुपर्छ । संगठित प्रतिरोधमार्फत आजका समस्याहरू आजै हल गर्न कोसिस गरेर समग्र व्यवस्था परिवर्तनको लामो लडाइँको तयारीमा लाग्नुको विकल्प हामीसँग छैन । *(स्रोत: इकान्तिपुर)*

# '९५ प्रतिशत स्वास्थ्य समस्या हामी आफैंले निम्त्याउछौं'



डा. सुनिल पौडेल

ढाड, कम्मर दुख्ने समस्याको समयमै उपचार गरिएन भने गम्भीर समस्या निम्तिन सक्छ । पहिले भन्दा अहिलेका युवा पुस्ता यो समस्याबाट बढी ग्रसित छन् ।

आज भन्दा दश वर्षअघिको कुरा सुन्दा युवा पुस्ता भन्दा पनि वृद्ध वृद्धामा यस्तो समस्या बढी देखिने गर्थ्यो । वृद्ध वृद्धामा प्राकृतिक रूपमा हड्डी खिइएर यो समस्या देखिने गर्थ्यो । तर आजभोलि यो समस्याबाट युवा पुस्ता ग्रसित हुने गरेका छन् । जब शरीरमा एक्टिभिटीको कमी हुन्छ । शरीर कमजोर हुँदै जान्छ । समयमै उपचार गरिएन भने गम्भीर समस्या निम्तिन सक्छ ।

### सक्रिय जीवन डिजिटलले निष्क्रिय बन्दै जाँदा

आज भोलि हामी बोइलर कुखुरा जस्तै भएका छौं । सक्रिय जीवनबाट डिजिटल लाइफमा परिणत भएका कारणले यो समस्या बढ्दै गएको छ । जब शरीरमा एक्टिभिटीको कमी हुन्छ शरीर कमजोर हुँदै जान्छ । एक्टिभिटीको कमीले डिप्रेसनदेखि मानसिक समस्यासम्म मधुमेहदेखि मुटु रोगसम्म बढ्दै गएको छ । साथै हड्डी खिइनेदेखि हड्डी खोक्रो हुनेसम्मका रोग लाग्छ भनेर विभिन्न मेडिकल तथ्यले भनेका छन् ।

आजभोलि डिजिटल लाइफले हाम्रो मेकानिकल समस्या निम्ताएको छ । मेकानिकल समस्याले पछि न्युरोलोजिकल, मस्कोलोटिकल समस्या निम्ताउँछ । हामीले आजभोलि काम गर्न छोड्यौ । बसी बसी काम गरेका छौं । प्रकृतिसँग हुर्कने समय नपाएका कारण पनि समस्या बढिरहेको छ । अन्य कारणहरू पनि छन् । जस्तै जन्मजात आउने समस्याहरूले ३० वर्ष पछि समस्या देखाउँछन् ।

हाम्रो कम्मरमा पाँच वटा हड्डी हुन्छन् । नेपालमा दशदेखि पन् प्रतिशतमा चार वटा मात्र हड्डी र केही केहीमा छ वटा हड्डी पाइन्छ । यसलाई लम्बारजेसन र प्याक्राराइजेसन भनिन्छ । यसले गर्दा नसा च्यापिने ढाड कम्मर दुख्ने समस्या निम्ताउँछ । जन्मजात आउने अर्को कारण थुप्रै हड्डीहरु जोडिएका हुँदैनन् ।

यसले पनि समस्या आउँछ । उमेर बढ्दै जाने बेलामा पनि समस्या आउँछ । खानपिन व्यायाम जीवनशैली नमिल्दा पनि समस्या आउँछ । लकडाउनपछि यस्ता समस्या धेरै देखिएको छ । अप्राकृतिक र डिजिटल लाइफले गर्दा रोग प्रतिरोधात्मक क्षमता पनि घटिरहेको छ । अहिलेका युवा पुस्ता कुलतमा फस्ने क्रम पनि बढ्दो छ ।

यसले पनि समस्या ल्याएको छ । गाउँघरमा काम गर्दा लडेर चोटपटक लाग्छ भने सहरमा दुर्घटना भइरहेको छ । यो कारणले पनि समस्या निम्तिन्छन् । कहिलेकाहीँ दुर्लभ रूपमा क्यान्सर, ट्युमरले गर्दा, केहीमा पाठेघरका समस्या, तल्लो पेटका समस्या, थाइराइड, हर्मोनका समस्या, मेटाबोलिक डिजिज लगायतले पनि समस्या देखा पर्छन ।

### समस्या हुने कारण

मेरुदण्ड भित्र भएको नशा कुनै हाम्रो दिमागबाट आउँछ । दिमागबाट आउने नशाहरू जुन मेरुदण्डबाट गएको हुन्छ । त्यो नशाहरू हातमा देखिने नशा होइनन् । स्नायु नशाहरू गर्धनबाट हातमा खुट्टामा सप्लाइ हुन्छन् । गर्धनमा समस्या आउँछ भने पछि त्यो समस्या हात खुट्टामा पनि आउँछ । यस्तो समस्या मेकानिकल समस्या हो । औषधी खाएर यो समस्या समाधान हुँदैन । औषधीले दुई चार दिन त ठिक होला । तर पछि समस्या आइहाल्छ । निदान नगरेसम्म त ठिक हुने कुरै भएन ।

नेपाल प्रोटोकल भएको देश होइन नि । मैले विदेशका धेरै देशमा काम गरे त्यहाँ कसलाई भेट्ने, कसलाई निफर गर्ने सिस्टम हुन्छ । यहाँ डाक्टरलाई दोष दिएका हुन्छन् । पहिले कसले हेर्ने हो भन्ने प्रोटोगलको नेपालमा विकास भएको छैन ।

### रोगको निदान बारेमा थाहा नहुनु

नेपालमा सबैभन्दा कमजोर पक्ष भनेको डायग्नोसिस हो । रोगको निदानको बारेमा थाहा नपाउँदा पनि समस्या बढेको छ । नेपालमा रोगको निदान पक्ष कमजोर भएका कारण मान्छे भारत, थाइल्यान्डसम्म गएका छन् । हाम्रो अस्पतालमा डायग्नोसिकलाई हामी विशेष ध्यान दिन्छौ । यो कारणले तपाइलाई समस्या भएको हो भनेर जानकारी दिन्छौं ।

साधारण फिजिसियनकोमा गयो भने अर्कै उपचार गर्छ । न्युरोलोजिस्ट कहाँ गयो भने अर्कै उपचार गर्छ । म कहाँ आउनु भयो भने कहाँनेर समस्या भएको छ भनेर म विस्तृत रूपमा भनिदिन्छु । म रोगीलाई शिक्षा पनि दिन्छु । एउटा विशेषज्ञलाई जँचाउन जानै पर्छ । घरमा बसेर मात्र हुँदैन । गुगल, युट्युब हेरेर यही नै भएको हो भनेर बस्नु हुँदैन । रेड फल्याग, एल्लो फल्याग र ब्ल्याक फल्याग गरी तीनवटा चरणमा रोगको विभाजन हुन्छ । आफ्नो अवस्था बुझेर तुरुन्तै उपचार गराउनु पर्दछ ।

### निदानको उपाय

हरेक बिरामीले थाहा पाउनुपर्ने आफूलाई के को समस्या हो त्यो बुझेर तुरुन्तै विशेषज्ञकोमा जानु पर्छ । कुनै चिकित्सक कहा गएपछि उनीहरुले पनि सबन्धित विशेषज्ञकोमा नपठाउने गर्नाले पनि समस्या बढ्छ । पहिले फिजिसियनले हेर्ने, दोस्रोमा सबन्धीत बिशेषज्ञले हेर्ने, तेस्रोमा सर्जनले हेर्ने त्यसपछि फेरी सम्बन्धित विशेषज्ञले हेर्ने हुन्छ ।

तर नेपालमा खासै प्राक्टिसमा छैन । हामी रुमल्लिएर बस्नु हुँदैन । जाँच गर्न गइहाल्नुपर्छ । बिरामी चिकित्सक कहाँ गएपछि यो कसरी भयो के गर्दा ठिक हुन्छ ? के खादा ठिक हुन्छ ? भनेर सल्लाह लिनु पर्दछ । यस्ता रोगलाई ठुलो बनाएर डराउनु पनि हुँदैन । लक्षण देखिने बित्तिकै उपचार गर्न जानु पर्छ ।

### समस्या हुनै नदिन के गर्ने ?

समस्या भयो भन्दैमा डराउनु पर्दैन । कहिलेकाहीँ ढाड कम्मर दुख्यो भने मालिस गर्दा ठिक हुन्छ । सड्केको बेला, चोटपटक लागेको बेला मालिस गर्न त भएन । यसको उपचारमै ध्यान दिनु पर्छ । ९५ प्रतिशत समस्या त हामीले आफै निम्त्याएका हुन्छौं । यसका मुख्य कारण भनेको मेकानिकल कारण हो । हामीले बस्ने तरिकामा ध्यान दिएका हुँदैनौं ।

सुत्दा, बस्दा, काम गर्दा शरीरको गलत रूपमा प्रयोग हुन्छ । विशेष गरी बस्ने पोजिसनमा ध्यान दिँदा धेरै समस्याबाट मुक्त हुन सकिन्छ । साथै खानपिनमा ध्यान दिनाले पनि यस्ता रोगबाट बच्न सकिन्छ । हरियो सागपात, फलफूलका साथै व्यायाममा ध्यान दिनु पर्छ ।

*(साभार: खबरहब)*

# छिटपुटबाहेक निर्वाचन शान्तिपूर्ण: यसपालि दलकै कार्यकर्ता चुनौती

काठमाडौं/०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा अधिकांश उम्मेदवारलाई लक्षित गरेर विष्फोटक पदार्थ राखिएका थिए । कतिपय स्थानमा तर्साउनलाई शंकास्पद वस्तु मात्रै राखिएका थिए भने केही स्थानमा विष्फोट पनि भए ।

तर पाँच वर्षपछि शुक्रबार नयाँ जनप्रतिनिधि चुन्न भएको स्थानीय तहको निर्वाचनमा उम्मेदवार लक्षित विष्फोटका कुनै घटना सार्वजनिक भएनन् । देशभर चार वटा शंकास्पद वस्तु भेटिए । राति ९ बजेसम्म कुनै मानवीय क्षतिको विवरण आएको छैन ।

यद्यपि, उदयपुरमा बुथ कब्जा गर्ने प्रयास भएपछि प्रतिकारमा गोली चलाउँदा एक जना गम्भीर घाइते छन् । समग्रमा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाको पनि निष्कर्ष छ । मतदान सकिएपछि आयोजित पत्रकार सम्मेलनमा थपलियाले भनेका छन्, 'निर्वाचन आमरुपमा शान्तिपूर्ण भयो, यसका लागि सहयोग गर्ने मतदाता, निर्वाचन कार्यमा संलग्न हुने कर्मचारी, सुरक्षाकर्मी र सरोकारवालाप्रति आयोग धन्यवाद दिन चाहन्छ ।'

तर राजनीतिक दल र उम्मेदवारबीच भएको आपसी विवाद, अत्यन्त सामान्य विषयले पनि उग्ररुप लिँदा कतिपय स्थानमा प्रहरीले बल प्रयोग गर्नुपर्ने अवस्था सिर्जना भएको थपलियाको विश्लेषण छ । कतिपय अवस्थामा मौसमको प्रतिकुलताका कारण पनि १७ स्थानीय तहका २८ मतदानस्थलका ४४ मतदान केन्द्रमा मतदान स्थगित भएको उनले बताए ।

केन्द्रीय प्रहरी प्रवक्ता विष्णुकुमार केसी चाहिँ देशभर ७५३ स्थानीय तहमा एकै पटक निर्वाचन हुँदा यत्तिको संख्यामा निर्वाचन स्थगित हुनु नगन्य भएको बताउँदै निर्वाचन सुरक्षाका दृष्टिकोणले सफल भएको बताउँछन् ।

**यसपालि दलकै कार्यकर्ता चुनौती**

गृह मन्त्रालयले चुनावअघि गरेको विश्लेषणमा विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र फुटेर बनेको नयाँ समूह, मोहन वैद्य नेतृत्वको पार्टी, जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा, मंगोल अर्गनाइजेसन, शिव सेनालगायतका समूहबाट सुरक्षा चुनौती रहेको अनुमान गरेको थियो ।

तर शुक्रबार दिनभरिको स्थिति हेर्दा यो निर्वाचनमा कुनै संगठित समूहको चुनौती देखिएन, बरु मुख्य राजनीतिक दलका कार्यकर्ता नै निर्वाचनको चुनौतीका रुपमा देखा परे । उनीहरुले नै सामान्य विवादमा झैं-झगडा गर्दा झडप र ढुंगा हानाहानको स्थिति सिर्जना भयो ।

'विगतका निर्वाचनमा सिंगो प्रणालीलाई नै चुनौती दिँदै निर्वाचन बहिष्कार गर्ने शक्ति देखिएका थिए, २०६४ सालको निर्वाचनमा झण्डै एक सय बढी हतियारधारी समूह नै छन् भन्ने सरकारी तथ्यांक थियो' सुरक्षाविद् इन्द्र अधिकारी भन्छिन्, 'यसपालि चाहिँ कुनै संगठन समूह पनि विरोधमा देखिएनन् र अघिल्ला निर्वाचनहरुको तुलनामा यसपालिको चुनाव धेरै शान्तिपूर्ण देखियो ।'

पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) पुष्कर कार्कीको बुझाइमा विगतमा चरणबद्ध रुपमा हुने निर्वाचनमा भएका झडप र यसपालि एकैचरणमा मतदान हुँदा भएका घटना संख्यात्मक रुपमा हेर्दा पनि कम छन् ।

'एकै चरणमा भएकाले धेरै भएजस्तो देखिएको हुनसक्छ, तर पहिलेभन्दा कम तनाव देखिएको छ' कार्कीले अनलाइनखबरसँग भने, 'यसको कारण सबैको निर्वाचनप्रतिको संस्कारमा वृद्धि भएकाले हुन सक्छ ।' यसपालि केही अपवादबाहेक उम्मेवादरबीच पनि हार्दिकता देखिएको उनी बताउँछन् ।

शुक्रबार जति घटना भएका छन्, ती अधिकांश सामान्य विवादमा दुई पक्षका व्यक्ति उत्तेजित हुँदा देखिएको परिणाम भएको कार्कीको बुझाइ छ ।



**देशभर ४७ स्थानमा हवाइ फायर**

प्रहरी प्रधान कार्यालय, नक्सालको तथ्यांक अनुसार देशभर शुक्रबार ४७ स्थानमा हवाइ फायर भएको छ । केन्द्रीय प्रहरी प्रवक्ता केसीका अनुसार स्थिति नियन्त्रण बाहिर जान खोजेपछि ती स्थानमा प्रहरीले हवाइ फायर गरेको हो ।

प्राप्त विवरण अनुसार प्रदेश नं. १ मा ओखलढुंगाको चम्पादेवी गाउँपालिका, प्रदेश २ को बाराको पचरौता नगरपालिका-२, देवताल गाउँपालिका-७, रौतहटको फतुवा विजयपुर नगरपालिका-२, पर्साको छिपहरमाई गाउँपालिका-१, वीरगञ्ज-२७, सर्लाहीको धनकौल गाउँपालिका-२, रामनगर गाउँपालिका-४ र ५ मा प्रहरीले हवाइ फायर गरेको छ ।

बागमती प्रदेशको दोलखाको बैतेश्वर गाउँपालिका-१, २, ३, विगु गाउँपालिका-२, खाडादेवी गाउँपालिका-१, सुनापाती गाउँपालिका-३, मन्थली नगरपालिका-१२, ९, सिन्धुपाल्चोकको बाह्रविसे, काभ्रेको तेमाल गाउँपालिका-७, नुवाकोटको सूर्यगढी गाउँपालिका-४ मा गोली चलेको छ ।

गण्डकी प्रदेशमा गोरखाको गण्डकी गाउँपालिका-७ मा गोली चलेको छ । कर्णालीमा हुम्लाको अदानचुली गाउँपालिका-४, हुम्लाको चंखेली गाउँपालिका-२, दैलखेको ठाँटिकाँध गाउँपालिका-६, कालीकोटको रास्कोट नगरपालिका-४, कालीकोटको पलाता गाउँपालिका-९, थिर्पु, डोल्पाको मुड्केचुला गाउँपालिका-४ मा प्रहरीले हवाइ फायर गरेको छ ।

अछामको पञ्चदेवल विनायक नगरपालिका, ढकारी गाउँपालिका, मेल्लेख गाउँपालिका-५, दार्चुलाको शैल्यशिखर नगरपालिका-६, बुढीगंगा नगरपालिका, खप्तड छेडेदह गाउँपालिकामा पनि हवाइ फायर भएको छ ।

बझाङमा केदारस्यु गाउँपालिका-४, थलारा गाउँपालिका-५, जयपृथ्वी नगरपालिका - ७, छविसपाथिभेरा गाउँपालिका-६, सुर्मा गाउँपालिका-३, मष्टा गाउँपालिका-५ मा हवाइ फायर भएको छ ।

हवाइ फायरको संख्या बढी देखिनुमा प्रहरी कर्मचारीको जनशक्ति अभाव हुनुको पनि एउटा कारण भएको अधिकृतहरु बताउँछन् । नेपाल प्रहरीका एक जना प्रहरी नायब महानिरीक्षक (डीआईजी) भन्छन्, 'एकै चरणमा हुँदा जनशक्ति व्यवस्थापनमा समस्या भयो, एक जना असईको नेतृत्वमा तीन जना प्रहरी खटिँदा तनाव व्यवस्थापन गर्न सुरुमै हवाइ फायर गर्नुपर्ने स्थिति भयो ।'

निर्वाचनको संवेदनशील समयमा सामान्य अवस्थामा जस्तो सम्झाइबुझाइ र माइकिङ गर्न थाल्दा आक्रोशित भिड मतदान स्थलमा पुगेर विथोल्न सक्ने भएकाले हवाइ फायर गर्ने नीति अख्तियार गरिएको उनी बताउँछन् ।

'विगतमा चरणबद्ध रुपमा निर्वाचन हुँदा एउटा चार जना प्रहरी हुने संवेदनशील मतदान केन्द्रमा घटीमा पनि ६ देखि ८ जना प्रहरी हुन्थे' उनले सुनाए, 'अहिले जनशक्ति निकै कम हुँदा कस्तो स्थिति छ भने उदयपुरमा एक जना गम्भीर घाइते भएको भनिएको तनावमा यति वेलासम्म घटनास्थलमा खटिएको प्रहरी टोली बाहिर निकिस्न सकेको छैन ।'

हालसम्म घटना भएको स्थानमा मद्दतको टोली पनि पुग्न नसकेको उदयपुरका एसपी सुवासचन्द्र बोहरा बताउँछन् ।

ओखलढुंगामा भएको हवाइ फायरको कारण पनि कांग्रेस र एमाले कार्यकर्ताबीच लाइन बस्ने विषयबाट सुरु भएको विवाद थियो ।

जीवनज्योति आधारभूत विद्यालयमा बिहान ९ बजे भएको झडपमा प्रहरीले सम्झाउन खोज्दा बुथमा लगाएको बार नाघेर दुई पक्षका व्यक्ति मतदान सामग्री भएको ठाउँतिर प्रवेश गरेको डीएसपी सुकदेव खनाल बताउँछन् ।

लगत्तै प्रहरीले हवाइ फायर गरेर स्थितिलाई नियन्त्रणमा लिएको खनालले बताए । उनका अनुसार यो मतदान केन्द्रमा असईको नेतृत्वमा जम्मा तीन जना प्रहरी मात्रै थिए । 'समयमै हवाइ फायर गरेकाले थप अप्रिय घटना हुन पाएन' उनी भन्छन् ।

**सुरक्षा तयारीप्रति आयुक्तहरूको असन्तुष्टि**

निर्वाचन आयोगका केही पदाधिकारीले चाहिँ अनौपचारिक कुराकानीमा सुरक्षा निकायको तयारीप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरुको बुझाइमा रौतहटमा मतपेटिका लिएर भागेको घटना गम्भीर सुरक्षा कमजोरी हो । अन्य कतिपय स्थानमा पनि सुरक्षा लापरबाही देखिएको उनीहरुको बुझाइ छ ।

तर नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल ठकुरी अहिले जुन किसिमले सुरक्षाकर्मीलाई परिचालन गरिएको छ, त्यसलाई हेर्दा सुरक्षा संयन्त्रमाथि प्रश्न गर्ने ठाउँ नभएको बताउँछन् ।

'एकै चरणमा चुनाव हुँदा सुरक्षाकर्मीको पर्याप्त डिप्लोयमेन्ट पनि हुन सकेन' मल्ल भन्छन्, 'फेरि देशभर झडपका घटना सार्वजनिक भएपनि स्थिति नियन्त्रणमा लिन नसकेका घटना छैनन् भन्दा पनि फरक पर्दैन ।'

सुरक्षाविद् अधिकारी पनि शुक्रबार साँच्चै माहौल बिग्रिएर तनावग्रस्त हुने परिस्थिति सिर्जना भएको भए कतिपय बुथहरुमा प्रहरीले कम जनशक्तिका कारण हात उठाउनुको विकल्प नहुने स्थिति रहेको बताउँछिन् । उनी भन्छिन्, 'जनशक्ति व्यवस्थापनमा एकदमै भद्रगोल स्थिति थियो ।'

आयोगका आयुक्तहरुले म्यादी प्रहरीमा पनि दक्ष जनशक्ति कम भएको परिणाम यसपालि देखिएको आरोप लगाएका छन् ।

उनीहरुको बुझाइमा म्यादी प्रहरीमा पूर्वसुरक्षाकर्मी पर्याप्त भर्ना नलिँदा पनि सुरक्षा व्यवस्थापनमा समस्या भएको हो । तर प्रहरी अधिकृतहरु चाहिँ त्यो मान्न तयार छैनन् । प्रहरी प्रवक्ता केसी भन्छन्, 'म्यादी प्रहरी भर्नाको प्राथमिकता नै पूर्वसुरक्षाकर्मी हुन्, त्यसपछि अनुभवीलाई नै प्राथमिकता दिइएको थियो ।' *(स्रोत: अनलाइनखबर)*

काठमाडौंका मतदाताको अपेक्षा :

# 'चुनाव जितेको भोलिपल्ट विजय जुलुस होइन, फोहोर व्यवस्थापन'

काठमाडौं/शुक्रबार भएको स्थानीय निर्वाचनमा मतदाताले उत्साहपूर्ण सहभागिता जनाए ।

आगामी पाँच वर्षका लागि चुनिने नेतृत्व सबल र जनताको पीरमर्का बुझ्ने खालको हुनुपर्ने मतदाता बताउँछन् । काठमाडौंका धेरैजसो मतदाताका समान अपेक्षा छन् । धेरै मतदाताको पहिलो अपेक्षा भने काठमाडौंको फोहोर व्यवस्थापन होस् भन्ने छ ।

स्थानीय चुनावमा सहभागी भइरहँदा काठमाडौंका बासिन्दाले झण्डै एक महिनादेखिको फोहोर घर मै राखिरहेका छन् । काठमाडौं महानगरपालिकाका विभिन्न मतदानस्थलमा पुग्दा धेरै मतदाताले निर्वाचित हुने जनप्रतिनिधिको पहिलो काम फोहोर व्यवस्थापन हुनुपर्ने बताए ।



काठमाडौं महानगरपालिका वडा नम्बर १० निवासी ६७ वर्षीया मनमाया खरेल विहान ८ नबज्दै मतदान गर्न बानेश्वरको रत्नराज्य स्कूल मतदान केन्द्रमा पुगिन् । ज्येष्ठ नागरिक भएकाले उनले लाइन बस्नु परेन । सहजै मतदान गरेर बाहिरिइन् । स्थानीय तह सदस्यका लागि मत खसाउँदै गर्दा उनको मनमा एउटै चाहना छ, 'फोहोरको समस्या आउने जनप्रतिनिधिहरुले समाधान गरुन् ।'

उनले चुनाव जितेपछि नेताहरुले विजय जुलुस निकाल्नुअघि फोहोर व्यवस्थापन गर्न सुझाव दिइन् । चुनाव आउने बित्तिकै विकासका राम्रै बहस हुन्छन् । आधारभूत आवश्यकता मात्रै होइन धेरै ठूला विकासका मुद्दा लिएर उम्मेदवारहरु घरघरमा पुग्छन् । मनमायाको चाहना भने खासै ठूलो छैन । काठमाडौंमा खानेपानीको समस्या पनि विकराल नै छ । त्यो भन्दा धेरै समस्या फोहोरमैलाको भएको उनी बताउँछिन् ।

'फोहोर बाटाभरि छ, ढलको ठूलो समस्या छ, वर्षातमा पानी आउँदा सिधै घरभित्र पस्छ,' उनले भनिन्, 'फोहोरलाई समयमा नै उठाउने व्यवस्था गर्नुपरो, अहिलेसम्म जनप्रतिनिधिले काम नै गर्नुभएन ।'

मनमायाको घर विजुली बजारमा छ । उनको घर छेउमा माछा पसल छ । त्यो माछा पसलको फोहोर वर्षातको समयमा घर भित्रैसम्म आउने गरेको उनले सुनाइन् । 'गहिरोमा घर छ, दैलो दैलोमा फोहोर पुग्छ' उनी भन्छिन्, 'यति मात्रै समस्या समाधान भएपनि अरु खासै मतलब थिएन ।'

वडा नम्बर १० कै मतदाता तथा स्थानीय नेता बाबुराम आचार्य पनि सडकमा छरपस्ट तार र सडक किनारामा थुप्रिएको फोहोरको व्यवस्थापन अबको नेतृत्वले गर्नुपर्ने बताउँछन् । व्यवस्थापन यसअघि पनि नभएको होइन । तर फोहोर उठाउन ढिला हुँदा सहर दुर्गन्धित हुने गरेको छ । यस विषयमा नयाँ जनप्रतिनिधिले ध्यान दिनुपर्ने उनको सुझाव छ ।

'निर्वाचन एउटाले जित्ने र अर्कोले हार्ने भन्दा पनि लोकतन्त्रको जित हुने हो, यहाँका समस्याहरु समाधान गर्न सक्ने नेतृत्व चाहिन्छ' बाबुराम भन्छन्, 'विचारका हिसाबले सबैका आ-आफ्ना होलान् तर जसले वा जुन विचारधारा बोक्ने नेताले जिते पनि यहाँका फोहोर व्यवस्थापन हुनुपर्छ ।'

उनको बुझाइमा यसअघिका निर्वाचनपछि स्थानीयले तात्विक परिवर्तनको अनुभुति गर्न पाएका छैनन् । कतिपय समस्या समाधान भए पनि धेरैजसो समाधान हुनसकेका छैनन् । फोहोर व्यवस्थापन जस्ता सामान्य समस्याको सहज तरिकाले दीर्घकालीन समाधान खोज्नुपर्ने उनको सुझाव छ ।

बानेश्वरका स्थायी बासिन्दा दृष्टिविहीन राघव महर्जनले सहजकर्ताको सहयोगमा शुक्रबार विहानै मतदान गरे । उनको यो तेस्रो पटकको मतदान हो । उनले विगतको निर्वाचन र अहिलेको निर्वाचनमा खास फरक देखेका छैनन् । निर्वाचनबाट ५ वर्षअघि चुनिएका जनप्रतिनिधिले समस्या समाधानमा तदारुकता नदेखाएको उनी बताउँछन् । फोहोर व्यवस्थापन जस्तो सामान्य समस्या समेत समाधान हुन नसक्नु दु:खको विषय भएको उनको बुझाइ छ ।

'अबको नेतृत्व नयाँ केही गर्छु भन्ने सोच भएको मान्छे चाहिन्छ, चुनावका बेला नमस्कार गर्न आउने मात्रै होइन अन्य समयमा पनि ध्यान दिनुपर्छ' उनले भने, 'कम्तीमा जनताको यो अपेक्षा त पूरा गर्नैपर्छ भनेर गम्भीर हुनसक्ने जनप्रतिधि हामीलाई चाहिएको हो ।'

बानेश्वर हाइटका केशव खरेल जनप्रतिनिधिले फोहोर व्यवस्थापनलाई आफ्नो पहिलो काम ठान्नुपर्ने बताउँछन् । 'विकास गर्ने खालको मान्छे चाहिन्छ, पार्टी भनेको जुनसुकै होस् मतलब भएन,' उनले भने, 'अब आउने नेतृत्वले पहिले ध्यान दिनुपर्ने विषय भनेको फोहोर मैला नै हो, यसबाहेक ढलको व्यवस्थापन र खुला ठाउँहरुमा पार्क बनाउनेतिर ध्यान दिनुपर्छ ।'

मतदान गर्ने लाइनमा भेटिएका स्थानीय इशान सुवेदी पनि स्थानीय तहका जनप्रतिनिधिहरुबाट खासै ठूलो आशा नरहेको सुनाउँछन् । 'ठूला सपना देखाउनुपर्ने छैन, जे वास्तविक समस्या हो त्यतिमात्रै समाधान गरिदिए पुग्छ' उनले भने, 'अब आउने नेतृत्वले सबै भन्दा पहिला गर्नुपर्ने काम फोहोरमैला व्यवस्थापन नै हो ।'

काठमाडौं एउटा सुन्दर संग्रहालय भएको र यसलाई सुन्दर नै रहन दिनका लागि सहरमा फोहोरको सही व्यवस्थापन जरुरी रहेको उनी सुनाउँछन् । सानो गौचरन मतदान केन्द्रमा भेटिएका स्थानीय अनुपम पराजुलीको अपेक्षा पनि यस्तै छ ।

स्थानीय सुस्मिता राणाका अनुसार अन्य वडाको तुलनामा वडा नम्बर १० मा चाडै फोहोर उठ्ने गरेको छ । तर यसलाई अझै धेरै राम्रोसँग समयमा नै फोहोर उठ्ने बनाउनुपर्ने उनको भनाइ छ ।

काठमाडौंको मेरीगोल्ड बुथमा भेटिएका ज्येष्ठ नागरिक मीनप्रसाद गौतमको अपेक्षा पनि ढल र फोहोरको व्यवस्थापन गर्नुपर्छ भन्नेमै छ । स्थायी घर काभ्रे भए पनि उनी पछिल्लो समय काठमाडौंमै बस्छन् । काठमाडौंको मतदाता भएपछि मात्रै उनले यसअघि भएका दुई निर्वाचन स्थानीय तहसँगै प्रदेश र संघीय सदस्यका लागि भएको निर्वाचनमा पनि सहभागी भएका छन् ।

यसअघिको नेतृत्वले पनि राम्रै काम गरेको बताएका उनी अब झनै राम्रोसँगले फोहोर व्यवस्थापन गर्नुपर्ने बताए । 'पानी र ढलको समस्या धेरै छ, फोहोर मात्रै समयमा उठ्ने हो भने पनि धेरै राम्रो हुने थियो,' ७२ वर्षीय गौतमले भने ।

बसन्तुरका कमलमान सिंहले अघिल्लो पटक बढो उत्साहका साथ भोट दिएका थिए । तर, त्यो मत खेर गएको उनी बताउँछन् । भन्छन् 'अघिल्लो पटक भोट दिएको व्यक्तिले जिते तर काम भएन । काम नभएपछि खेरै गएको त हो ।'

टोल, नगर सफा गर्छु भनेको व्यक्तिले कहिले हप्ता दिनसम्म फोहोर नउठाउँदा दुर्गन्धले हिँड्न, बस्न नसकिने हुने गरेको बताउँछन् ।

बसन्तपुरको मतदान केन्द्रमा मतदान गरेर फर्किरहेका उनी काष्ठमन्डप अगाडि भेटिएका थिए । त्यहाँ थुपारिएको फोहोर देखाउँदै उनी भन्छन् 'हेर्नुहोस् न यी यो फोहोर तीनदिनदेखि यहिँ थुप्रिएको छ । काम गरेको भए आजको दिन त झन सफा हुनुपर्थ्योहोला । त्यसैले नयाँ पिँडीलाई मतदान गरिएको छ । जितेपछि उठाउलान नि यो फोहोर ।' *(स्रोत: अनलाइनखबर)*

# भोट दिए पनि खेर, नदिए पनि खेर !

काठमाडौं/ठमेल पक्नाजोलका राम क्षेत्री बिहीबारसम्म भोट हाल्ने कि नहाल्ने दोधारमा थिए । 'जनताको दु:ख उस्तै छन् । कसलाई भोट दिएर के नै हुन्छ र ?' क्षेत्रीको मनमा लागिरहेको थियो, 'दिए पनि हुन्छ नदिए पनि हुन्छ ।'

तर शुक्रबार बिहान आठ नबज्दै मतदान केन्द्र नेपाल युवक माध्यमिक विद्यालय पुगेर उनले भोट हाले । मत हाल्न पाउने नैसर्गिक अधिकारले क्षेत्रीलाई मतदान केन्द्रसम्म पुर्‍यायो । पाँच वर्षमा एकपटक आफ्नो मतदान गर्न पाउने अधिकारलाई उनले उपयोग गर्ने विचार गरे । 'हामी जनता सधैं केही विकास र परिवर्तन हुन्छ कि भन्ने आशमा भोट दिन आउँछौं, तर हाम्रा आशा सधैं निराशामा मात्रै बदलिन्छन्,' उनको आक्रोश छ, 'जनताले न विकासको अनुभूति गर्न पाएका छन्, न त सुखको नै ।'

उनले यसपटक समेत गरी दुईवटा स्थानीय तह र दुईवटा संघको निर्वाचनमा भोट दिइसकेका छन्, तर परिवर्तनको आभास पाएका छैनन् । घरघरमा सिंहदरबार पुग्ने र जनताका आशा अपेक्षा पूरा हुने आश्वासन बाँडेर देश संघीयतामा गएको एक कार्यकाल अर्थात् पाँच वर्ष बितिसक्दा समेत उनको अपेक्षा अनुसार काम भएको छैन ।

'धेरै ठूलो अपेक्षा न मेरो छ, न अरु जनताको नै होला । जनताले स्वच्छ हावा, साताको दुई दिन सफा पानी, ढल निकास तथा सडकका खाल्डाखुल्डी पुर्नेबाहेक के नै मागेको छ र ?' उनी प्रश्न गर्छन् ।

जनताको अपेक्षा विलासिता र अतिरिक्त सुखभोगमा होइन, न्यूनतम आवश्यकता मात्रै परिपूर्ति गरिदिए हुन्थ्यो भन्ने हो । तर नेताले त्यो पनि पूरा गर्न सकेका छैनन् क्षेत्री गुनासो गर्छन् ।

'भोट जनताको चाहिने, तर काम जनताका लागि नगर्ने नेतालाई मैले किन भोट दिन जाने ?,' झापाका टंकबहादुर थापा भन्छन्, ' देशको राजनीति र नेताको व्यवहारले भोट दिन मन लाग्दैन । मेरो भोटको मूल्यांकन नै हुँदैन भने किन भोट दिने भनेर नगएको हुँ ।'

भोट हाल्ने दिनसम्म जनता भगवान हुन्छन्, तर विडम्बना भन्नुपर्छ भोट हालिसकेपछि उनीहरू किनारामा पर्छन् । उनले यस्तो थुप्रै पटक महसुस गरिसकेका छन् । 'नेताले सधैं काम गर्छौं, माग पूरा गर्छौं भनेर आश्वासन बाँडिरहे । हामीले पत्याइरहयौं,' उनी भन्छन्, 'नेता र राजनीतिक दलबाट जनता अघाइसकेका छन् । भोट दिएर पनि के नै हुन्छ र भन्ने लाग्न थालिसकेको छ ।'

उनको अपेक्षा वडा र महानगरपालिका कार्यालयमा काम लिएर जाँदा सहज र छिटो होस्, टोलमा बाटोघाटो राम्रो होस् र विद्यालय सुधार भए छोराछोरी पढ्न पाउँथे भन्ने हो । तर नेताले कहिल्यै भोटको गुन नतिरेको उनको गुनासो छ ।

**देखिएन पहिलेजस्तो उत्साह**

मतदानको बिहान पक्नाजोलको माहोल निकै शान्त थियो । मतदाताको संख्या निकै कम थियो । एक दुई जना गर्दै मतदाता मतदान केन्द्र आउने जाने गरिरहेका थिए । त्यहाँको दृश्यले अन्य वर्षको तुलनामा निर्वाचनप्रति मतदाताको उत्साह घट्दै गएको जस्तो क्षेत्रीलाई अनुभूति भइरहेको छ ।

स्थानीय सुनिल महर्जनलाई पनि यो वर्ष अघिल्लो स्थानीय तहको निर्वाचनजस्तो तडकभडक र रौनकता महसुस भएको छैन । मतदातामा चुनावलाई लिएर जुन उमंग र उत्साह हुनुपर्ने हो, त्यो देख्न नपाइएको उनी बताउँछन् ।

यसपटक पहिलेजस्तो चुनावी माहोल नहुनुमा राजनीतिप्रति बढ्दै गएको जनताको वितृष्णा र राम्रा छवि भएका उम्मेदवारको कमी हुनसक्ने अनुमान उनको छ । 'जनताले भोट दिएर पनि नेताले काम गर्दैनन् भन्ने थाहा पाइसकेका छन् । यसकारण पनि मतदाताको उत्साह र रौनकतामा कमी आएको हो,' उनी भन्छन्, 'म आफैंलाई पनि भोट दिएर पनि के नै हुन्छ र भन्ने लागेको छ ।'

बागबजारका गेहेन्द्ररत्न स्थापित जनताले विकास र समृद्धि चाहेको, तर नेताले विकास र समृद्धिलाई गफमा उडाएर नारामा सीमित गरेको बताउँछन् । प्रतिनिधिले केही नयाँ काम गर्छन् भन्ने विश्वास भए मात्रै जनतामा उत्साह थपिने भन्दै स्थापित नेता र राजनीतिक दलले जहिल्यै जनता माथि विश्वासघात गरेको बताउँछन् ।

'उम्मेदवारले काम गर्छन् भन्ने आशा भए पो भोट दिने हो,' उनी भन्छन्, 'धेरै चाहिएको छैन । न्यूनतम आवश्यकता मात्रै परिपूर्ति गर्न सहयोग गरुन् । जनता भोट दिन आफैं उत्सुक हुन्छन्, भोट देऊ भन्नै पर्दैन ।'

यो भन्दा अघिको चुनावमा सर्वसाधारणमा निकै उत्साह भए पनि काम नगर्ने, पारदर्शी व्यवहार नदेखाउने र माग सम्बोधन नगर्ने हुँदा नेता र राजनीतिप्रति नागरिकको मोह भंग हुँदै गइरहेको उनको तर्क छ । उनी आफैंलाई पनि मत दिन जाने कि नजाने भन्ने थियो । तर मतदाता निकै कम भएको र मतदान स्थलमा भीडभाड कम भएको समाचार पढेपछि उनी मतदानका लागि बागबजारको शुक्रराज स्कुल पुगे । 'काम नगरेकोमा जनतालाई नभई नेता आफैंलाई लाज लाग्नुपर्ने हो,' उनी प्रश्न गर्छन्, 'फोहोरमैला व्यवस्थापन गर, बाटोघाटो ढल निकासमा काम गर पनि भनिरहनुपर्ने कुरा हो र ?'

नेताले जहिल्यै जनतालाई आशा देखाउँदै ठगिरहेका र जनता आँखा चिम्लेर आशाको भरमा ठगिइरहेका उनको भनाइ छ ।

पक्नाजोल-१६ की बुद्धिमाया श्रेष्ठ आफूले वर्षौंदेखि भोट हाल्दै आए पनि अहिलेसम्म कुनै परिवर्तन नभएको र नेताले जनताका लागि काम गरेको नदेखेको बताउँछिन् । 'नेताले जनता चिन्ने भनेको भोट नहाल्दासम्म हो, भोट हालेपछि चिन्नु त परको कुरा नमस्ते समेत फर्काउँदैनन्,' उनको गुनासो छ । भोट दिए पनि नेताले काम गर्लान् भन्ने कुरामा श्रेष्ठलाई विश्वास छैन ।

हरेक चुनावले उनका आशालाई यसैगरी निराशामा परिणत गरेका छन् । तर अब त केही हुन्छ कि भन्ने आश भने उनीमा अझै जीवितै छ । 'अब आउने नेताले राजनीति भन्दा काम बढी गरोस्,' बुद्धिमाया भन्छिन्, 'अहिलेसम्म विकास र परिवर्तनको महसुस गर्न सकिएको छैन । अब यस्तो नहोस् ।'

**भोट मात्रै दिन गाउँ किन जाने ?**

झापाका टंकबहादुर थापा देश संघीयतामा गइसकेपछिको स्थानीय तहको दोस्रो निर्वाचन हेर्न बागबजारको पद्मकन्या क्याम्पस अगाडि उभिइरहेका थिए । आफैं भोट हाल्न गाउँ पुगेको हुनुपर्थ्यो । तर उनी अरूले मतदान गरेको दृश्य नियालिरहेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
३ महिना पूरा भएपछि बुस्टर खोप
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुस्टर मात्रा खोप लगाउनुहोला ।

बुस्टर मात्रा खोप लगाउन आँउदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

श्री
निर्वाचन आयोग
प्रदेश निर्वाचन कार्यालय
मकवानपुर

आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।

लुम्बनाथ पोखरेल
प्रदेश निर्वाचन अधिकारी

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई बुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



**१) मतदान गर्न आइपुगेकि ८३ वर्षिया सावित्री सुवेदी :** ८३ वर्षिया सावित्री सुवेदीले हेटौंडा-४ स्थित भुटनदेवी मावीमा रहेको मतदान केन्द्रमा मतदान गरेकी छन् । २०१५ सालदेखि नै मतदान गर्दै आएकी उनको जतिपटक मतदान गरे पनि देशको व्यवस्था फेरिए पनि अवस्था नफेरिएको गुनासो छ ।



**२) मतदान गर्न लाइनमा मतदाता :** शुक्रबार भएको स्थानीय तहको निर्वानमा मतदान गर्न लाइन बसेका मतदाताहरु । हेटौंडा-१२ स्थित प्रतिभा आधारभुत विद्यालयमा रहेको मतदान केन्द्रमा मतदाताहरुले अन्य स्थानमा जस्तै उत्साहपुर्ण सहभागीता जनाएका थिए ।



**३) पानीले नछेकेको मतदान :** शुक्रबार स्थानीय तहको निर्वाचन चलिरहँदा हेटौंडामा ठुलो पानी परेको थियो । तर, पानीमा पनि छात्ता ओढ्दै मतदाताहरु मतदानमा सहभागी भए । पाँच वर्षपछि भएको स्थानीय तहको निर्वाचनमा मतदाताहरुको उत्साहपुर्वका सहभागीता रह्यो ।



**४) मतपेटिका मतपत्र खसाल्दै स्वास्थ्यमन्त्री :** संघीय सरकारको स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाले हेटौंडा-४ स्थित भुटनदेवी मावीमा रहेको मतदान केन्द्रमा पुगी मतदान गरेका छन् । मतदान पश्चात प्रतिक्रिया दिँदै उनले आफूले मतदान गरेको पक्षले जित्ने दावी पनि गरे ।



**५) मतदान गर्दै इन्द्र बानियाँ :** नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले स्थानीय तह निर्वाचनमा मतदान गरेका छन् । उनले हेटौंडा-१८ स्थित दोभान चौरमा रहेको कमला आधारभूत विद्यालयमा पुगेर मतदान गरेका हुन् ।



**६) मतदान गर्दै कमल थापा :** राप्रपा नेपालका अध्यक्ष कमल थापाले गृहनगर हेटौंडामा स्थानीय तह निर्वाचनको लागि मतदान गरेका छन् । उनले हेटौंडा-६ स्थित वंशगोपाल उच्च माविस्थित मतदान केन्द्रबाट मतदान गरेका हुन् ।



**७) पानी परेपछि प्लाष्टिक ओढेर मतदान गर्दै :** शुक्रबार स्थानीय तहको निर्वाचन चलिरहँदा मकवानपुरको धेरै स्थानमा पानी पर्यो । मतदानस्थलहरुमा त्रिपालको व्यवस्था नहुँदा मतदाताहरुले प्लाष्टिक नै ओढे भएपनि मतदान गरेका छन् । इन्द्रसरोवर गाउँपालिका-१ मा रहेको चन्द्रोदय प्राविको मतदान केन्द्रमा मतदाताहरुले पानीमा प्लाष्टिक ओढेर मतदान प्रक्रियामा सहभागीता जनाएका हुन् ।

## चुनावमा पैसाको चलखेल भयो : कमल थापा



हेटौंडा, ३० बैशाख/राप्रपा नेपालका अध्यक्ष कमल थापाले चुनावमा पैसाको चलखेल भएको टिप्पणी गरेका छन् ।

हेटौंडा-६ स्थित वंशगोपाल मावीमा रहेको मतदान केन्द्रमा मतदान गरेपछि प्रतिक्रिया दिदै अध्यक्ष थापाले चुनावमा पैसाको धेरै ठुलो चलखेल भएको देखिएको भन्दै यसलाई कसरी निराकरण गर्न सकिन्छ भन्ने विषयमा राष्ट्रिय बहस हुनुपर्ने बताए ।

उनले स्थानीय तह निर्दलीय आधारमा निर्वाचन गर्ने विषयमा पनि राष्ट्रिय बहस गर्नुपर्ने आवश्यकता रहेको बताए ।

अध्यक्ष थापाले सफलता पुर्वक स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न हुनु महत्वपुर्ण उपलब्धि भएको जिकिर गरे । उनले स्थानीय तहको निर्वाचन सम्पन्न हुनुले प्रजातन्त्र र संविधानलाई संस्थागत गर्न महत्वपुर्ण योगदान पुर्याएको बताए ।

## मतगणना प्रक्रियामा बालेनको आपत्ति

काठमाडौं/काठमाडौं महानगरपालिकामा मेयर पदका स्वतन्त्र पदका उम्मेदवार बालेन साहले मतगणना प्रक्रियामा आपत्ति जनाएका छन् । मतगणना गर्दा पाँच जना स्वतन्त्र उम्मेदवारको एकजना प्रतिनिधि राख्ने कुरामा साहले आपत्ति जनाएका हुन् ।



सामाजिक सञ्जालमा बालेनले लेखेका छन्, 'मतगणना गर्दा पाँच जना स्वतन्त्र उम्मेदवारको एकजना प्रतिनिधि भन्ने कुरा आयो । सबै उम्मेदवार बराबर भनेर लोकतान्त्रिक पद्धतिको निर्वाचन भएको छ । उम्मेदवारी दिने समय होस् वा शुल्क वा प्रक्रिया, कतै पनि पार्टीगत उम्मेदवार र स्वतन्त्र उम्मेदवारको भिन्नता सोचिएको छैन । हरेकलाई हरेकसँग प्रतिस्पर्धी मानिएको छ । हरेकले पाउने प्रत्येक मतको 'मतभार' बराबर छ । यस्तोमा दलगत र स्वतन्त्र भनेर गणनामा किन फरक गर्न खोजिदैछ ?

स्वतन्त्रहरू आफैमा फरक फरक विचार, समूह र उम्मेदवार हुन् । उनीहरू आफै बिचमा प्रतिस्पर्धा हुन्छ । यस्तोमा पाँच जना स्वतन्त्र भनेर के आधारमा एकै डालोमा राखिएको हो ? कुन कुन विचारधारा वा सम्बन्धले पाँच जना स्वतन्त्र उम्मेदवारले एकजना मात्रै प्रतिनिधि छान्ने हो ? पाँचजनाले एकजना मात्रै प्रतिनिधिको छनौट गर्ने प्रक्रिया र विधि के हो ? आयोगले सो किसिमको चुनावका लागि बनाएको कार्यविधि कहाँ छ ? पक्कै पनि यसको लोकतान्त्रिक जवाफ छैन ।

यसैले, सामान्य प्राविधिक कुराहरूमा सम्झौता नगर्न लोकतन्त्रसँग र आफ्नो प्रतिनिधि राख्न पाउने उम्मेदवारको अधिकारसँग खेलबाड नगरियोस् ।

५ जना स्वतन्त्रको एकजना साझा प्रतिनिधि भन्ने कुरा कानुनी, व्यवहारिक र लोकतन्त्रको कसीमा हदैसम्मको अन्यायपूर्ण छ र यो लोकतन्त्रको विरुद्धमा छ । यसले विवादको सिर्जना गरेर मतगणना नै शान्तिपूर्ण हुँदैन कि भन्ने शंका उत्पन्न गराउँछ । यसप्रति निर्वाचन आयोग सजग बनोस् । र, हरेक स्वतन्त्र उम्मेदवारलाई पनि आफ्नो प्रतिनिधि मतगणनामा सामेल गर्न दिओस् ।

यसमा निर्वाचन आयोगको ध्यानाकर्षण र तत्काल कार्यान्वयनका लागि अपिल गर्दछु ।'



**८) ह्विलचेयरमा मतदान गर्न जादैं मतदाता :** शुक्रबार भएको स्थानीय तहको निर्वाचनमा मकवानपुरका मतदाताहरुको उत्साहपुर्ण सहभागिता रहेको थियो । जिल्लाको विभिन्न स्थानमा रहेको मतदान केन्द्रमा अशक्त, अपांगता भएका व्यक्ति तथा वृद्धवृद्धा सबैले उत्साहित हुदैं मतदानमा सहभागिता जनाएका थिए । अपांगता भएका व्यक्तिहरुले पनि परिवारको सहायतामा ह्विलचेयरमा बसेर भएपनि मतदानमा सहभागी भएका छन् ।

## शंकास्पद वस्तु नेपाली सेनाद्वारा डिस्पोज



हेटौंडा, ३० बैशाख/हेटौंडा उपमहानगरपालिका-८ स्थित कमानेमा भेटिएको शंकास्पद वस्तु नेपाली सेनाले डिस्पोज गरेको छ ।

स्थानीय तहको निर्वाचनको दिन शुक्रबार बिहानै हेटौंडा-८ कमानेमा शंकास्पद वस्तु भेटिएको थियो ।

कमानेको सिद्धिचरण मार्गमा भेटिएको कुकर बम जस्तो देखिने शंकासपद वस्तुको नेपाली सेनाको टोलीले डिस्पोज गरेको हो ।

शंकास्पद वस्तु खालि कुकर मात्र रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## भरतपुरको मतगणना शनिबार विहान ८ बजेदेखि



चितवन/भरतपुर महानगर पालिकाको मतगणना शनिबार बिहानदेखि सुरू हुने भएको छ । शुक्रबार मध्यरातमा सकिएको सर्वदलीय बैठकले बिहान ८ बजेबाट मतगणना सुरू गर्ने निर्णय गरेको हो ।

२९ वटै वडाको ३७१ वटा मतपेटिका मतगणना स्थल औद्योगिक प्रदर्शनी केन्द्रको सी ब्लकमा ल्याएर मुख्य निर्वाचन अधिकृतको जिम्मा लगाइएको छ ।

## रामेछापमा मतपेटिका बोकेको गाडी दुर्घटना



रामेछाप/रामेछापमा मतपेटिका बोकेको गाडी दुर्घटना हुँदा ३ जना घाइते भएका छन् ।

रामेछाप नगरपालिका वडा नं. १ गोठगाउँबाट मतपेटिका बोकेर रामेछाप बजार आउँदै गरेको गाडी दुर्घटनामा परेको हो ।

ना ७ ख ३५०४ नम्बरको गाडी ब्रेक फेल भएर दुर्घटना हुँदा म्यादी प्रहरी टंकप्रसाद गौतम, मनोज सुनुवार र प्रहरी जवान जलन राई घाइते भएको प्रहरीले जनाएको छ ।

वडा नंरुरु. ३ साँघुटारको बाँकीमेरी भन्ने ठाउँमा गाडी दुर्घटनामा परेको रामेछाप नगरपालिकाका नगर प्रहरी हवल्दार विष्णुबहादुर कार्कीले जानकारी दिए ।

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।


*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

साझाकुरा
वेवसाईट
www.
sajhakuranews.com

साझाकुरा
खोजी खोजी
पढौं ।
दैनिक रुपमा
समाचार पढौं ।




**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना